लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान २०२५ Nov25 To Dec 10 (२०८२मंसिर ९गतेदेखि २५ गतेसम्म।)

**अन्तराष्ट्रिय नाराः- "UNITE TO END DIGITAL VIOLENCE AGAINST ALL WOMEN AND GIRLS"**

**राष्ट्रिय नाराः- "प्रविधिको सही प्रयोग गरौः लैङ्गिक हिंसा अन्त्य गरौ"**

# लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान भित्र सञ्चालन गरिएको क्रियाकलाप/कार्यक्रमहरुको विस्तृत प्रतिवेदन

स्थानः बेलका नगरपालिकाको सभाहल, तथा ९ वटै वडाको समुदायमा रामपुर, उदयपुर।

मितिः- २०८२ मंसिर ९ गतेदेखि २४ गतेसम्म

समयः-विहान १० बजेदेखि ४ बजेसम्म।

**<u>आयोजक</u>**

**बेलका नगरकार्यपालिकाको कार्यालय**

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा**

**<u>प्राविधिक सहयोग</u>**

**मानव अधिकार मञ्च नेपाल (HURF), ईलाम।**

**<u>सहकार्य</u>**

**UNFPA/CMC Nepal**

## कार्यकमको पृष्ठभुमि

**क.** लैङ्गिक हिंसा अन्त्यको लागि हरेक वर्ष नोभेम्वर १० देखि डिसेम्बर १० सम्म ( तदनुसार मंसिर ९ गतेदेखि २५ गतेसम्म) अन्तराष्ट्रिय तथा राष्ट्रिय रुपमा लैंगिकताको आधारमा हुने सबै प्रकारका हिंसा विभेदहरु अन्त्यका लागि विश्वसमुदायले अभियानको रुपमा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको रुपमा विभिन्न सचेतनामुलक कार्यक्रम संञ्चालन गर्दै आएको सन्दर्भमा राष्ट्रिय अभियानको नै रुपमा बेलका नगरपालिकाले पनि बिभिन्न सचेतनामुलक कार्यक्रमहरु संञ्चालन गर्दै आएको छ। यसै सन्दर्भमा बेलका नगरपालिकाले पनि लैङ्गिकताका आधारमा हुने सबै प्रकारका हिंसा विभेद, दमन, घरेलु हिसा, यौन दुर्व्यवहार, बालविबाह, बालश्रमशोषण, घटना सम्प्रेषण प्रणाली तथा अपाङ्गता भएका व्यात्तिको हक अधिकार सम्बन्धी सचेतनामुलक अभियान कार्यक्रम गरी मनाउने पूर्व तयारी बैठक बस्ने, ९ गतेका दिन सरोकारवालाहरुको उपस्थितिमा उद्घाटन कार्यक्रम, महिलाहरुको नेतृत्व क्षमता विकासका लागि नेतृत्व र भाषणकला सम्बन्धी तालिम तथा १ देखी ९ वटै वडाको समुदायमा बालविवाह, घरेलु हिसा, यौन दुर्व्यवहार र कानूनी व्यवस्था तथा अपाङ्गता भएको व्यात्तिक हक अधिकार सम्बन्धी अभिमुखिकरण र लैङ्गिक हिंसा दुर्व्यवहार विरुद्धको सचेतनामूलक निशुल्क टेलिफोन न.हरु सहित अपाङ्गता भएका व्यात्तिलाई राज्यले प्रदान गर्ने सेवा सुविधा सम्बन्धी सूचना मूलक फ्लेक्स प्रिन्ट टास गरि अपाङ्गता भएका व्यात्तिहरुको सामाजिक सहभागिता अभिवृद्धिका लागि सरसफाई सामाग्री वितरण गर्न कार्यक्रम संञ्चालन गरिएको थियो।

**ख. अभियानको उदेश्यहरुः-**

- संविधानको धारा ३८ मा उल्लेखित महिलाको मौलिक हकको कार्न्वयन गर्नु,
- संविधानको धारा ३९ मा उल्लेखित बालबालिकाको मौलिक हकको कार्यन्वयन गर्नु,
- बालबालिकाको संरक्षण, सहभागिता र संस्थागत प्रणालिको विकास गर्नु,
- महिलाहरुको अर्थपूर्ण र सक्रिय सहभागिताको लागि क्षमता विकास गर्नु
- महिला विरुद्द हुने सवै प्रकारका हिंसा अन्त्यका लागि सरोकारवाला सबैलाई अग्रसर बनाउने र महिलाका आवाज मुखरित गर्ने,
- नपालाई लैंगिक हिंसा विरुद्द शुन्य सहनशिल नगर बनाउन सबैलाई जागरुक बनाउने
- बालबालिका तथा किशोर किशोरीहरुलाई किशोरवस्थामा आउने विभिन्न यौन तथा प्रजनन् सम्बन्धी समस्यालाई निराकरण गर्ने तथा आफ्नो यौन स्वास्थ्य सम्बन्धी सचेत बनाउने,
- लैंगिक हिंसा, महिला हिंसा, महिला र बालबालिका माथि यौन दुर्व्यवहार,भेदभाव, जबर्जस्ती करणी, लागु पदार्थ दुर्व्यसनी, बालविवाह, बहुविवाह गरेमा हुने कानुनी सजायको व्यवस्था, उजुरी गर्ने समयावधि सम्बन्धी सचेतना अभिवृद्धि गरि हिंसा न्युनिकरण गर्ने,
- ,कम उमेरमा हुने वालबिवाह न्यनिकरणका लागि वालवालिका र किशोर किशोरीलाई नै जागरुक बनाउने
- किशोरवस्थामा लागुपदार्थ दुर्व्यसनीबाट जोगाउन त्यस सम्बन्धी सचेतना प्रदान गर्ने,
- बालिका तथा किशोरी नै भोलिका महिला हुने हुदा आजैबाट लैंगिक हिंसा बिरुद्द जागरुक बनाई लैंगिक हिँसा न्युनिकरण गर्ने
- किशोरवस्थामा हुने शारिरीक परिवर्तन ,भावनात्मक परिवर्तन ,सवेगात्मक परिवर्तन तथा त्यस उमेरमा आइपर्ने विभिन्न समस्याले निम्त्याउने मानसिक समस्याको निराकरणका लागि सचेत गर्ने,

- समाजमा भएका सबै प्रकारका हानीकारक प्रथा,परम्परा र अभ्यासहरुको न्युनिकरणका लागि सामाजिक सचेतना अभिवृद्धि गर्नका लागि लैङ्गिक हिंसा, बालबिवाह, बालश्रम,लागुपदार्थ दुर्व्यसनी मानसिक स्वास्थ्य, मानव वेचविखन, कुरिति तथा कुसस्कार अन्त्यका लागि १६ दिनसम्म नै ९ वटै वडा तथा पालिकामा सचेतनामुलक अभिमुखिकरण, अन्तरक्रिया कार्यकर्म संञ्चालन गर्ने आदि।

## १. अभियानको पूर्वतयारी बैठक

**क.उद्घाटन कार्यक्रमको पृष्ठभुमिः-**

**नेपाल सहित विश्वभर हरेक वर्ष नोभेम्वर २५ देखि डिसेम्बर १०( मंसिर ९ देखि २५ गतेसम्म) सम्म लैङ्गिक हिंसा अन्त्यको लागि लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान मनाउदै आएको पाईन्छ। हरेक वर्ष झै यस वर्ष पनि बेलका नगरपालिकामा सरोकारवालाहरुको उपस्थितिमा लैङ्गिक हिंसा आफु पनि नगर्ने, नसहने र हुन नदिने भएमा प्रतिकार गर्ने शाव्दिक अर्थ चिनाउने सेतो रिवन बाधेर लैङ्गिक हिंसा विरुदधको पालिकाको तर्फबाट नगर उपप्रमुखद्धारा अवधारणा प्रस्तुती सहित १६ दिनको कार्यक्रमको कार्यतालिका प्रस्तुत गरी उद्घाटन गरिएको थियो।**

**ख अभियान कार्यक्रमको उदेश्य**

- **लैङ्गिक हिंसा विरुद्धको अभियानमा सरोकारवालाहरुको एक्यवद्धता जनाउन**
- **लैङ्गिक हिंसा विरुद्ध एकजुट हुन आह्वान गर्न,**
- **सरोकारवालालाई लैङ्गिक हिंसा विरुद्ध संवेदनशील बनाउन आदि।**

**ग.लक्षित समुह/सहभागीको किसिमः- नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नगरसभा सदस्य सबै, शाखा प्रमुख, ईलाका प्रहरी, सुरक्षाकर्मी, राजनीतिक दल, महिला समिति, समुह सबै।**

**ग.सहभागी संख्याः- ६० जना।**

**घ. १६ दिने अभियान भरि सञ्चालन गरिने कार्यक्रमको कार्यतालिका**

| क्रस | कार्यक्रमको नाम | कार्यक्रम सञ्चालन मिति | सञ्चालन गरिने वडा र स्थान | लक्षित सहभागीक किसिम र संख्या | सहजीकरण र समन्वय | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको उद्घाटन कार्यक्रम | मिति २०८२ मंसिर ९ गते | बेलका नगरपालिकाको सभाहल | नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, जनप्रतिनिधि सवै, शाखा प्रमुख, महिला अधिकार, बालअधिकार, स्वास्थ्य स्वयम् सेविका, ईलाका प्रहरी लगायत सरोकारवाला सबै। | बेलका नगरपालिका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | |
| २. | लैङ्गिक हिंसा, वालविवाह, यौन | २०८२ मंसिर ११ गते | बेनपा.४, वडा कार्यालय। | | वडा कार्यालय/ महिला अधिकार | |
| ३ | दुर्व्यवहार,साइवर | २०८२ मंसिर | बेनपा.३, दुर्गा | | समिति , महिला, | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अपराध, हानिकारक प्रथा तथा परम्परा विरुद्ध र अपाङ्गता भएको व्यात्तिक अधिकार सम्बन्धी सचेतना तथा पैरवी सम्बन्धी १ दिने अभिमुखिकरण सहित सचेतनामुलक फ्लेक्स प्रिन्ट वडा कार्यालयमा टास्ने। | १२ गते | मन्दिर | सम्बन्धित टोलका महिला, बालबालिका, टोलबिकास सस्थाका सदस्य, आमा समुह, स्वास्थ्य स्वयम सेविका, जनप्रतिनिधिहरु | बालबालिका शाखा | |
| ४ | | २०८२ मंसिर १३ गते | बेनपा.७ | | | |
| ५ | | २०८२ मंसिर मसिर १४ गते | बेनपा.५ सुपाडे | | | |
| ६ | | २०८२ मंसिर १५ गते | बेनपा.२ टप्पु | | | |
| ७ | | २०८२ मंसिर १६ गते | बेनपा.१, मुसहर टोल | | | |
| ८ | | २०८२ मंसिर १८ गते | बेनपा.८, वडा कार्यालय | | | |
| | | २०८२ मंसिर १९ गते | बेनपा.९ खोरिया टोल | | | |
| ९ | | २०८२ मंसिर २१ गते | बेनपा.६, देउराली | | | |
| १०. | अन्तराष्ट्रिय अपांगता दिवस | २०८२ मंसिर १७ गते | नगरपालिकाको सभाहल | अपाङ्ता भएको व्यात्तिको संस्था र सरोकारवाला सबै | ओपिडी, मिलिजुली र म.वा.शा. | |
| ११. | अन्तराष्ट्रिय मानव अधिकार दिवस, नेतृत्व क्षमता विकास र भाषणकला तालिम | २०८२ मंसिर २० गतेदेखि २४गते सम्म | नगरपालिकाको सभाहल | नगर/वडा महिला अधिकार समितिको सदस्य( जनप्रतिनिधि बाहेक) र मेलमिलापकर्ता(महिला) | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | |

## ङ. लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सञ्चालन गर्न विनियोजित र खर्च बजेट सम्बन्धी विवरणः-

**कार्यक्रम सञ्चालनको बजेट खर्च विवरणः-**

| क्रस | क्रियाकलापहरु | इकाई | परिमाण | दिन | कुल जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | अभियानको पूर्व तयारी बैठक र अभियानको उद्धाटन कार्यक्रम | वटा | 20.00 | 1.00 | 21,600.00 | |
| २ | नेतृत्व विकास तथा भाषणकला सम्बन्धी ५ दिने तालिम | जना | 35.00 | 5.00 | 234,280.00 | |
| ३ | लैङ्गिक हिंसा विरुद्धको सचेतनाका लागि समुदायमा घरेलु हिंसा, बालविवाह, लैङ्गिक हिंसा यौन दुर्व्यवहार र कानूनी व्यवस्था सम्बन्धी अभिमुखिकरण | जना | 40.00 | 9.00 | 54,900.00 | |
| | **जम्मा खर्च रकम रु.** | | | | **310,780.00** | |
| | **विनियोजित बजेट खर्च रु. ( तिनलाख, दस हजार तिनसय मात्र।)** | | | | **310,300.00** | |

पूर्वतयारी बैठकको फोटो



# उद्घाटन कार्यक्रमको तस्वीहरु



**२.क.वडा स्तरीय अभिमुखिकरण कार्यक्रमको पृष्ठभूमिः-** लैगिक हिसा, घरेलु हिसा, बालविवाह, यौन दुर्व्यवहार लगायतका विभिन्न हानिकारक प्रथा परम्पराहरुले विशेषत महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्याक्तिहरुमाथि हिंसा र दुर्व्यवहार हुदै आएको हुदा ति सबै प्रकारका हिंसा दुर्व्यवहार न्युनिकरण गर्नका लागि खवरदारी गर्ने तथा अपाङ्गता भएको व्याक्तिको हक अधिकार सम्बन्धी सचेतना जगाउने अभिप्रायले यो कार्यक्रम पालिकाको ९ वटै वडाको टोलमा कार्यक्रम सञ्चालन थियो। यस अभिमुखिकरण कार्यक्रममा लैङ्गिक हिंसाको अर्थ परिभाषा, हिंसा किन सहन हुदैन, हिंसा भएमा उजुरी गर्ने समय र निकाय तथा कानूनी सचेतना तथा सरकारले सवै प्रकारका महिला र बालबालिकामाथि हुने हिसाको उजुरीका लागि सञ्चालन गरेका निशुल्क टेलिफोन न.हरु बारे जानकारी गराउने तथा अपाङ्गता भएका व्याक्तिलाई राज्यले प्रदान गर्ने सेवासुविधा सम्बन्धी जानकारी उदेश्यले अभिमुखिकरण गरी प्रत्येक वडा कार्यालयमा सूचनामूलक फ्लेक्स प्रिन्ट टास गरि सामाजिक सहभागिता अभिवृद्धिका लागि सरसफाईको सामाग्री वितरण गरिएको थियो।

**ख अभिमुखिकरण कार्यकर्मको उदेश्य तथा क्रियाकलापहरुः-**

- सवै प्रकारका विभेद र हिंसा रोक्नका लागि सचेतना फैलाउने,
- हिंसा हुन नदिने र भईहालेमा आवाज उठानका लागि अभिप्रेरित गर्ने
- हानिकारक प्रथा परम्पराले पार्ने असरको बारेमा सचेतना जगाई त्यस्ता हानिकारक प्रथा परम्परा रोक्न प्रेरित गर्ने,
- लैगिक हिंसा, घरेलु हिंसा, यौन दुर्व्यवहार, वालविवाह,लगायतका हिंसाको अर्थ, परिभाषा असर र परिणाम तथा यस सम्बन्धी कानुनी व्यवस्था र उपचार सम्बन्धी जानकारी गराउने,
- सबै प्रकारको हिंसा भएमा जानकारी गराउने सरकारी संयन्त्र, निशुल्क टेलिफोन नं १०९८, १०४,१००, ११४५ बारे जानकारी गराउने
- अपाङ्गता भएका व्याक्तिलाई राज्यले उपलब्ध गराउने सेवा सुविधा सम्बन्धी जानकारी गराई सामाजिक सहभागिता वृद्धिका लागि अभिप्रेरित गर्ने आदि।

<u>ग. लक्षित समुहको सहभागीताको विवरण:</u>

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| पुरुष: | ८८ | महिला: | २१८ | अन्य: | ० | जम्मा: | ३०६ |
| | | | | | | | |
| बालबालिका: | | | | पुरुष: | ० | महिला: | ० |
| वयस्क अपाङ्गता: | | | | पुरुष: | | महिला: | ० |
| जम्मा अपाङ्गता भएका ब्यक्ति: | | | | ४७ | अन्य सहभिगता संख्या : २५९ | | |

### घ. सरसफाईको सामाग्रि प्राप्तकर्ता अपाङ्गता भएको व्याक्तिको विवरण

| क्रस | विवरण/वडागत | पूर्ण अशक्त | | अतिअशक्त | | मध्यम अपाङ्गता | | सामान्य अपाङ्गता | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| १ | सरसफाई सामाग्री प्राप्तकर्ता वडा नं.१ | १ | ० | ४ | ५ | ० | ० | ० | ० |
| २ | सरसफाई सामाग्री प्राप्तकर्ता वडा नं.२ | ० | १ | ४ | ४ | ० | १ | ० | ० |
| ३ | सरसफाई सामाग्री प्राप्तकर्ता वडा नं.३ | १ | २ | २ | ५ | ० | | ० | ० |
| ४ | सरसफाई सामाग्री प्राप्तकर्ता वडा नं.४ | २ | ० | ३ | ३ | ० | २ | ० | ० |
| ५ | सरसफाई सामाग्री प्राप्तकर्ता वडा नं.५ | १ | २ | २ | १ | १ | २ | ० | १ |
| ६ | सरसफाई सामाग्री प्राप्तकर्ता वडा नं.६ | १ | १ | ० | ७ | ० | १ | ० | ० |
| ७ | सरसफाई सामाग्री प्राप्तकर्ता वडा नं.७ | ३ | ५ | १ | १ | ० | ० | ० | ० |
| ८ | सरसफाई सामाग्री प्राप्तकर्ता वडा नं.८ | १ | २ | ३ | ४ | ० | ० | ० | ० |
| ९ | सरसफाई सामाग्री प्राप्तकर्ता वडा नं.९ | ४ | ३ | २ | | ० | १ | ० | ० |
| | | १४ | १६ | २१ | ३० | 1 | ७ | ० | 1 |

**३.संमन्वय, सहकार्य, प्रशिक्षक/सहजकर्ताः-** महिला, बालबालिका शाखा, वडा कार्यालय।

**४. अभिमुखिकरणको अपेक्षित उपलब्धीः-** लैगिक हिंसा निवारणको लागि सामुदायिक तहमा सचेतना भई लैङ्गिक हिसा कमी भएको हुनेछ भने हिंसा भएमा समयमै सम्वन्धित तहमा उजुरी भई न्याय प्राप्त गरेको हुनेछ भन्ने अपेक्षा लिइएको छ।

कार्यक्रमको तस्वीहरु क्रमश...वडा अनुसार



वडा नं.६ कार्यक्रमको फोटो

वडा नं.२ को कार्यक्रमको फोटो



वडा नं.३को कार्यक्रमको फोटो










वडा नं.१को कार्यक्रमको तस्वीहरु





वडा नं. ५ को कार्यक्रमको फोटोहरु



वडा नं.७ कार्यक्रमको फोटो



वडा नं.८ को कार्यक्रमको फोटो



वडा नण.४ को कार्यक्रमको फोटोहरु





**१. कार्यक्रमको पृष्ठभूमिः- लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान Nov 25 To Dec 10 (मंसिर ९ गतेदेखि २५ गतेसम्म।) अन्तर्राष्ट्रिय नाराः- "प्रविधिको सही प्रयोग गरौः लैङ्गिक हिंसा अन्त्य गरौ" भन्ने अभियाको साथ** भन्ने अभियानको साथ सञ्चालन भइरहेको अभियान अन्तर्गत मिति २०८२/९/२० गतेदेखि २४ गतेसम्म सञ्चालन गरिएको नगर/वडा महिला अधिकार समितिको सदस्य (जनप्रतिनिधि वाहेक) र मेलमिलापकर्ता महिलाहरुको नेतृत्व क्षमता विकास र भाषणकला सम्बन्धी ५ दिवसीय तालिम वेलका नगरपालिकाको ९ वटै वडाका नगर/वडा स्तरीय महिला अधिकार समितिको सदस्य, मेलमिलापकर्ता महिलाहरुको सक्रिय र अर्थपूर्ण सहभागिता र नेतृत्वका लागि नेतृत्व क्षमता विकास, भाषणकला सम्बन्धी ५ दिने क्षमता विकास कार्यक्रम संञ्चालन गरिएको थियो। महिला समिति र मेलमिलाप केन्द्रहरुमा रही लैंङ्गिक हिंसा न्युनिकरण, महिलाहरुको सवाल सम्बन्धित टोल, समुदाय र वडामा उठान गर्ने तथा हिंसामा परेका, अधिकारबाट बन्चित परेका महिलाहरुको अधिकारको लागि आवाज उठाने कार्य गरि समुदायको महिलाहरुको नेतृत्व गरिरहेका महिलाहरुको ब्याक्तिगत क्षमता विकास विकास गर्ने जसले महिलाहरुको राजनीतिक, सामाजिक क्षेत्रमा सक्रिय अर्थपूर्ण सहभागिता वढाउन मदत पुग्नेछ।सशक्तिकरण भई भाषणकलाको विकास हुने र महिला अधिकार सम्बन्धी कानुनी व्यवस्था ,लैंगिक हिंसा न्युनिकरणका लागि महिलाको भुमिका परिवर्तन तथा न्यायिक निरुपणका लागि महिलाहरुको भुमिका विषयमा प्रशिक्षित गराई महिलाहरुको नेतृत्वको विकास गराउने उदेश्य राखि यो कार्यक्रम संचालन गरिएको थियो।

**२. तालिमका उदेश्यहरुः**

- महिलाहरुको अर्थपुर्ण सक्रिय सहभागिताको लागि क्षमता विकास गराउने,
- परिवर्तित सन्दर्भमा महिला नेतृत्व र महिला नेतृत्वको आवश्यकता महत्वको बारेमा अवगत गराउने
- महिला अधिकारको ऐतिहासिक पृष्ठभूमिबारे जानकारी गराउने,
- भाषण केहो? भाषणकलाको विकास कसरी गर्ने( अभ्यास)गराउने
- लैङ्गिक हिंसा निवारणको लागि महिला समित, मेलमिलापकर्ताको भूमिका अभिवृद्धि गर्ने
- भाषणका लागि संञ्चार सिप,प्रस्तुतिकरण अभ्यास गराउने।
- नेतृत्वका अवधारणा/महिला नेतृत्व नै किन? नेतृत्वको कार्य र तरिका,भाषणकला वा वाक्कला परिभाषा र बुझाई, नेतृत्वको गुण र अवगुण,नेतृत्वको अवरोध, नेतृत्व सिप, भाषणकलाको तयारी/महत्व,प्रस्तुतिकरणका आवश्यक सिपको विकास गराउने
- महिला नेताहरूले लिंग र लिङ्गबीचको भिन्नता, समाजमा जिम्मेवारीलाई आकार दिने सामाजिक संरचना, महिला र पुरुषको परिवर्तनशील क्षेत्र, शक्ति सम्बन्ध, अन्तरसम्बन्ध, रुढीवादी र पूर्वाग्रहहरूबारे जानकारी लिएका थिए । उनीहरूले सुशासन र वनको प्रभावकारी व्यवस्थापनमा महिलाहरूले खेल्ने भूमिका र जिम्मेवारीहरू र उनीहरूलाई आवश्यक पर्ने नेतृत्व सीपहरूको विकास गराउने
- प्रभावकारी भाषणकला र प्रस्तुती सिप सिकाउनु, डिजिटल हिंसा सम्बन्धी चेतना अभिवृद्धि गर्नु, महिला सशक्तिकरण र सामुदायिक नेतृत्वमा सहभागिता बढाउनु, सहभागीका बीच नेतृत्व क्षमताको विकास गर्नु,

- लैङ्गिक समानताका लागि काम गर्न सक्ने रणनीतिक स्थानमा महिला नेतृत्वको अर्थपूर्ण सक्रिय सहभागिता गराउनका लागि ब्याक्तित्व विकास गर्न सहयोग पुर्याउने आदि।

**३. क. तालिमका लक्षित सहभागिताः- नगर/वडा स्तरिय महिला अधिकार समितिको सदस्य (जनप्रतिनिधिवाहेक) र मेलमिलापकर्ता महिला**

**ख. सहभागिताको जातिगत विवरणः-**

| विवरण | आ.जनजाति | दलित | मधेशी | ब्रह्माण/क्षेत्री |
|---|---|---|---|---|
| **जातजाति** | १४ | १३ | १ | ५ |
| **अपाङ्गता** | १ | ० | ० | ० |

**ग. सहभागिताको वडागत विवरण**

| वडा नं. | आ.जनजाति | दलित | मधेशी | ब्रह्माण/क्षेत्री |
|---|---|---|---|---|
| १ | २ | १ | ० | ० |
| २ | ० | ० | १ | २ |
| ३ | ३ | ० | ० | १ |
| ४ | ० | २ | ० | १ |
| ५ | १ | ३ | ० | ० |
| ६ | २ | १ | ० | ० |
| ७ | १ | ० | ० | ० |
| ८ | २ | १ | ० | ० |
| ९ | ३ | ५ | ० | १ |
| **जम्मा** | **१४** | **१३** | **१** | **५** |

**४. तालिमको सहजकर्ता/प्रशिक्षक, प्रतिवेदक संयोजक सहयोगी तथा तालिमको प्रभावकारिता अनुगमनकर्ताहरुको विवरणः-**

क. प्रशिक्षक/सहजकर्ताः- श्री पारस राई, मानव अधिकार मञ्च ईलाम।

- श्री सुरेश पोर्तेल, मानव अधिकार मञ्च, ईलाम।

ख. संयोजकः- श्री ज्योती राई, महिला, वालबालिका तथा ज्येष्ठ नागरिक शाखा।

ग. प्रतिवेदकः- श्री ज्योती राई, श्री रुवी मगर

घ. अनुगमनकर्ताः- श्री अशोक कार्की, नगर प्रमुख

- श्री जीरा राई, नगर उपप्रमुख
- श्री रविकिरण आचार्य- अधिकृत आँठौ, सामाजिक विकास शाखा प्रमुख
- श्री अजित भट्टराई- लेखा अधिकृत (आँठौ)
- श्री सरिता रामदाम- कार्यपालिका सदस्य, वडा नं.४
- श्री चन्द्रकला परियार- कार्यपालिका सदस्य वडा नं.८
- श्री पर्मिला वि.क- वडा सदस्य वडा नं.४
- श्री गिता वि.क — वडा सदस्य वडा नं.६

**ङ. सहयोगीहरुः-** श्री चम्पा राई नगर प्रहरी, श्री अनिता थापा, श्री जनार्दन भट्टराई सहयोगी।

**४. तालिम सञ्चालनको विधि/तरिका**

- व्याख्यान तथा प्रस्तुतिकरण
- समुह कार्य (Group Work)
- भूमिका खेल (Role play)
- अनुभव आदान/ प्रदान
- भाषणकला अभ्यास

**५. तालिमको प्रमुख विषयवस्तुहरुः-**

- नेतृत्वको परिचय र प्रकार,
- प्रभावकारी सञ्चारका मूल सिद्धान्त,
- डिजिटल हिंसा पहिचान र कानूनी पक्ष,
- महिला नेतृत्वका चुनौती र अवसर,
- भाषण गर्ने तरिका, शैली, भाषणको प्रकार र भाषणकला अभ्यास आदि ।

**तालिमको विषयवस्तुको विस्तृत विवरणः-**

| दिन | पहिलो सेसन | दोस्रो सेसन | | तेस्रो सेसन | चौंथो सेसन |
|---|---|---|---|---|---|
| पहिलो | उद्घाटन सत्र, उद्देश्य, परिचय, सहभागीको अपेक्षा, नेतृत्वको औचित्य | परिभाषा (नेताको हो? नेतृत्व भनेको के हो?) | चिया नास्ता | नेता र नेतृत्व बिच फरक र नेतृत्वको प्रकार | नेतृत्व किन आवश्यक |
| दोस्रो | पुवरावलोकन नेतृत्वको | महिला | | नेतृत्व | नेतृत्व र सञ्चार |

| | | | | | |
|---|---|---|---|---|---|
| | गुण र नेतृत्वको भूमिका | नेतृत्वको अवरोधहरु | | विकास गर्ने तरिका र नेतृत्व गर्ने भए | |
| तेस्रो | पुवरावलोकन, भाषण र भाषण कला | महिलाहरुको लागि भाषणको महत्व | | भाषण कलाको अभ्यास | भाषण गर्दा सुधार गर्ने तरिका |
| चौथो | पुवरावलोकन भाषणको प्रकार | भाषण कलाको अभ्यास | | भाषण कलाको अभ्यास | भाषणकला सगँ सम्बधीत खेल . |
| पाचौं | पुवरावलोकन व्यक्तित्व विकास | प्रभावशाली नेतृत्व... | | भषणकला अभ्यास र पृष्ठपोषण | भषणकला अभ्यास र पृष्ठपोषण साथै समावपन |

**६. सिकाई तथा उपलब्धीहरुः-**

- सहभागीहरुको आत्मविश्वासमा वृद्धि भएको
- सार्वजनिक बोल्ने क्षमतामा सुधार भएको,
- डिजिटल हिंसा सम्बन्धी स्पष्ट बुझाई भएको।

यसका अतिरिक्त सहभागिहरुमा नेतृत्वको अर्थ र परिभाषा सम्बन्धी स्पष्टता भई नेतृत्वको प्रकार, नेतृत्वको शैली, नेतृत्वको अवधारणा नेतृत्वको शैली बारे जानकारी भई महिला नेतृत्वको अवसर र चुनौती तथा भाषणको प्रकार, भाषणको शैली, भाषणका लागि आवश्यक ज्ञान सिप तथा लैङ्गिक हिंसा निवारणका लागि महिला नेतृत्वको आवश्यकता र भूमिका बारे सिकाई भई समुदायमा सक्रिय र अर्थपूर्ण सहभागिता गर्न सक्ने क्षमताको विकास भएको छ।

**७. सहभागीहरुको प्रतिक्रियाः-**

- तालिम उपयोगी भएको,
- व्यवहारिक अभ्यासले बोल्नेकलाको विकास भएको, आफ्नो कुरा राख्न भन्न आत्मविश्वास बढेको,
- तालिमको निरन्तरता आवश्यक रहेको,
- अवसर पाए असंभव सक्दिन लागेको विषय पनि सहज हुने रहेछ,

- सहभागि भएर सिक्न पाउदा खुसी लागेको, महिलाको क्षमता विकास भएको, नेतृत्व सम्बन्धी सिप विकास भएको, नेतृत्व सिप अरुलाई पनि सिकाउने, प्रयोगात्मक अभ्यासले आत्मविश्वास बढेको।

**८. चुनौतीहरुः-**

- सुरुमा केही सहभागीहरु हिचकिचाएका,
- सहभागीहरुमा तालिममा समय कम भए छिटो घर जान पाए हुन्थ्यो भन्ने भएको,
- समय अभावले केही सत्र छोट्याउनु परेको तथा प्रस्तावित गरेको भन्दा वढी सहभागि हुदा सबैलाई समेट्न कठिनाई भएको।

**९. अवसर/ सुझाव/ सुधारका लागि सल्लाह सुझाव/ सिफारिसहरुः-**

- यस्तो तालिम प्रत्येक वडा/वडामा सञ्चालन गर्न आवश्यक रहेको,
- भाषणकला तालिमसँगै उद्घघोषण तालिम पनि आवश्यक रहेको,
- डिजिटल सुरक्षा तथा साईवर कानुन सम्बन्धी थप तालिम गर्न आवश्यक रहेको देखियो।

**१०. निष्कर्षः-** लैङ्गिक हिंसा अन्त्यको लागि सक्रिय सशक्त नेतृत्वको आवश्यकता महसुस गरी सञ्चालन गरिएको यस नेतृत्व क्षमता विकास तथा भाषणकला सम्बन्धी तालिमले एउटा वडाबाट ३ जनाको दरले गरी ९ वटा वडाबाट ३२ जना सशक्त महिला नेतृत्वको सिर्जना भएको छ। सबै प्रकारका विभेद र हिसा विरुद्ध खवरदारी गर्दै सामाजिक, आर्थिक, राजनीतिक हरेक क्षेत्रमा महिलाको सक्रिय अर्थपूर्ण र निर्णयात्मक सहभागिताको विकास हुने अपेक्षा गरिएको छ। तसर्थ जसको सवाल उसको आवाज, सहभागिता र निर्णय सबै क्षेत्रमा हुनेछ र समग्रमा तालिम सफलतापूर्वक सम्पन्न भएको छ।

## ११. तालिम कार्यक्रमको केही तस्वीहरुः-




मायाको चिनो







**सिकाई तथा उपलब्धीहरुः-**

लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानले हिंसा गर्नु सामान्य मानिने गरिएकोमा यो सामाजिक जघन्य अपराध रहेछ र हिसाले कसैलाई कहिल्यै राम्रो नगर्ने रहेछ, हिंसा भएको हिंसा के हो? र हिंसा किन गर्नु, सहनु र भएको देखेमा प्रतिकार गर्नुपर्छ भन्ने कुराको जानकारी प्राप्त गरेको साथै प्रविधिको सही प्रयोग नगर्दा र प्रविधिको प्रयोग मार्फत पनि हिंसा हुने रहेछ र भएमा प्रतिकार गर्नुपर्ने रहेछ साथै हिसा न्युनिकरणका लागि सरकारले कानूनी उपचार निशुल्क सहयोग तथा निशुल्क टेलिफोन नं.हरु बारे जानकारी भएको र अपाङ्गता भएका ब्यात्तिहरुलाई राज्यले प्रदान गरेको सेवासुविधा सम्बन्धी पनि जानकारी प्रदान गरिएको छ। यस्तो कार्यक्रमले समुदायको तल्लो तहको नागरिकलाई राज्य भएको अनुभुति दिलाएको छ।

**कार्यक्रम सञ्चालन गर्दा देखिएको चुनौतीहरु**

- सिमित बजेटमा बढिभन्दा वढी सहभागिलाई सेवा प्रदान गर्नु,
- अपाङ्गता भएको व्यात्तिलाई कार्यक्रममा सहभागी गराउनु,
- समय र स्थानको व्यवस्थापन गर्नु, संमन्वय र सहकार्य गर्नु।
- भौगोलिक कठिनाईका बाबजुत समयमा पुगेर कार्यक्रम सञ्चालन गर्नु, आदि।

**अवसर/ सुझाव/ सुधारका लागि सल्लाह सुझाव/ सिफारिसहरुः-**

- यस्तो सचेतनामुलक कार्यक्रम टोलहरु सबैमा सञ्चालन गर्नुपर्ने,
- निशुल्क हटलाईन नं. को जानकारीले हिसा भएमा उजुरी गर्ने साहस आएको,
- लैङ्गिक हिंसा विरुद्ध सबैजना जागरुक र सचेत भएर लागेमा हिंसा अन्त्य गर्न सकिने,
- महिलाको नेतृत्व हिंसा अन्त्यको लागि आवश्यक भएको,
- सक्रिय र अर्थपूर्ण सहभागिताको लागि निर्धक्क बोल्न सक्ने भएको आदि।

**निष्कर्ष**

लैङ्गिक हिंसा विरुद्धको अभियान हिंसा विरुद्धको मात्रै अभियान नभएर यो मानव भएर सम्मानपूर्व बाँच्न पाउने मानवीय अधिकारको वकालत र पैरवी पनि हो त्यस्तै महिला वालबालिका, अपाङ्गता भएका व्यात्तिहरु सबैको सम्मान अधिकार र मानवीयतासँग जोडिएको विषय हो। यस अभियानले लैङ्गिक असमानता, हानिकारक प्रथा परम्परा सहित पितृसत्तात्मक सोचका कारण भएको विभेदले गरेको सामाजिक असरको अन्त्यको लागि सामाजिक सचेतना जगाएको छ भने जसको सवाल उसको आवाज सहित सक्रिय र अर्थपूर्ण निर्णायात्मक क्षमता विकासको लागि महिलाको अधिकार र हिंसाको सवालमा उसको नेतृत्व र निर्णयको लागि महिलाहरुको क्षमता विकास भएको छ। त्यस्तै प्रविधिको कारण हुने हिंसामा सचेतना गराई अपाङ्गता भएको व्यात्ति, लैङ्गिक यौनिक अल्पसंख्यक सवैको हक अधिकार र समानताको लागि सचेतनाको विकास भएको छ। समग्रमा यो अभियान सफलतापूर्वक सम्पन्न भएको छ।

**प्रतिवेदक**

ज्योती राई

सहायक पाँचौ  महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा